## ठाकुरबाबा नगरपालिकाको नवौं नगरसभामा

# नगर उपप्रमुख कृष्णा कुश्मा थारुवाट प्रस्तुत आ.व. २०७८/२०७९ को बजेट बक्तब्य

ठाकुरबाबा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सैनवार, लुम्बिनी प्रदेश नेपाल

१० आषाढ २०७८

**अध्यक्ष महोदय,**

१. मुलुक कोभिड १९ को दोस्रो भेरियन्टको कारण आक्रान्त भईरहेको बिषम परिस्थितिमा आगामी आर्थिक वर्ष २०७८/२०७९ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु। नगर सरकारको हैसियतबाट बजेट प्रस्तुत गर्ने यस अबसरका लागि अध्यक्ष ज्यु लगायत सम्पूर्ण सदस्य ज्यू प्रति हार्दिक आभार ब्यक्त गर्दछु।

२. आर्थिक बर्ष २०७८/२०७९ को बजेट प्रस्तुत गरिरहँदा म संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना सम्मका क्रान्ति तथा संघर्षहरुमा आफ्नो अमुल्य जीवन बलिदान गर्नुहुने महान सहिदहरुलाई स्मरण गर्दै समाज रुपान्तरणको नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान तथा घाइते योद्धा र बेपत्ता नागरिकहरुलाई यस अबसरमा सम्मानका साथ सम्झन चाहान्छु।

३. यस अबसरमा कोभिड १९ को दोस्रो भेरियन्टका कारण कारण सहादत प्राप्त गर्नु भएका यस नगरपालिकाका नगरवासीहरु प्रति हार्दिक श्रन्दान्जलि अर्पण गर्दै शोक सन्तप्त परिवार जनमा समवेदना प्रकट गर्न चाहान्छु। त्यसै गरी उपचाररत संक्रमित नगरवासीहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

४. कोभिड १९ को दोस्रो भेरियन्टको असर हामीले अनुमान गरे भन्दा जटिल र बिषम हुनपुग्यो। हाम्रा स्वास्थ्य संरचना र जनशक्ति न्युन रहेको अनुभुत भयो। २४ सै घण्टा कोभिड अस्पतालमा अक्सिजन सहितको उपचार आबश्यक पर्ने संक्रमितको तिव्र बृद्धि दरलाई छोटो समयको जनशक्ति सहित औषधोपचारको ब्यवस्थापन गर्नु पर्ने चुनौतिलाई सबैको सहयोग र सहकार्यबाट पार लागउँदै आम नगरवासीलाई नगरमा नै उपचार संभव छ भन्ने विश्वास सहित नगर प्रतिको आशा र भरोसाका लागि सवैमा हार्दिक आभार ब्यक्त गर्दछु।

५. विगत २ आर्थिक वर्षको प्रारम्भबाट नै योजनाबद्ध कार्ययोजना सहित सम्बृद्ध नगर निर्माणको मार्गमा अहोरात्र खटिईरहेको समयमा कोभिड १९ को दोस्रो भेरियन्टको माहामारीले हाम्रो प्राथमिकता परिबर्तन गरिदियो। करिव सबै जनप्रतिनिधि र कर्मचारीहरु संक्रमित भईरहदा पनि आम नागरवासीको जीवन रक्षालाई पहिलो प्राथमिकतामा राखी कोरोना कहर कै बिच माहामारी बिरुद्धको अभियानमा उपलब्ध सबै स्रोत साधनको समुचित प्रयोग गर्दै अपेक्षित लक्ष्यको नजिकबाट आर्थिक बर्ष गुज्रने क्रममा छ। माहामारी बिरुद्धको संघर्ष कै बीचमा पनि जीवनको सहजताका लागि अधिकतम कोसिश गरि रहेका छौं।

६. कोभिड १९ को लगातारको फेरिंदो स्वरुपबाट बिश्वब्यापि रुपमा नै अर्थतन्त्रको जग हल्लिएकोछ। यसबाट हाम्रो नगरको अर्थतन्त्र पनि गम्भिर रुपमा प्रभावित भएकोछ। कोभिडको पहिलो चरणको प्रभावबाट गति लिंदा नलिदै दोस्रो चरणको माहामारीको मार हामीले खेप्नु पऱ्यो। जसले हाम्रा आबश्यकता र प्राथमिकतालाई प्रभावित र फरक कोणबाट सोच्न बाध्य बनाएको छ।

७ यी यावत प्रतिकुलताका विच बित्तिय अनुशासन कायम गर्दै समष्टिगत आर्थिक स्थायित्व कायम गरी स्वस्थ्यसेवा लगायतका अत्याबश्यक सेवा प्रवाहको सुनिश्चतताका साथै नागरिक र अर्थतन्त्रको जीवनधारा पुनस्थापित गर्नुको बिकल्प हामीसँग छैन। त्यसको लागि उपलब्ध जनशक्ति, स्रोत र साधनको कुशलतम विनियोजन गर्ने प्रयत्न गरिएको छ।

८. लामो बन्दाबन्दि र बिश्व अर्थतन्त्रमा परेको प्रभावका कारण कृषि, उद्योग, पर्यटन सहित भौतिक निर्माण समेतमा प्रत्यक्ष असर पुगेकोछ। नगरको आम्दानीमा गिरावट तथा खर्चको चापमा भने बढोत्तरी भई रहेको बिशम अबस्थावाट अर्थतन्त्रलाई जोगाउन आबश्यक सतर्कताका साथ उत्पादन कार्यलाई अगाडी बढाउने प्रयासमा हामी छौं।

९. साधनस्रोत र जनशक्तिको समुचित प्रयोग गर्दै संकटबाट भाग्ने नभई संघर्ष गर्ने र समाजलाई बलियो र गतिशिल बनाउने प्रयासबाट नै हामीले संकटलाई अबसरमा बदल्न सक्दछौं । बिप्रेषण माथिको निर्भरतालाई आन्तरिक उत्पादनका माध्यमबाट घटाउने र कृषिका उत्पादनहरुमा आत्मनिर्भता मात्र नभई निर्यात उन्मुख हुने गरी बजेट तर्जुमा गरिएको छ । स्थानीय माटोमा नै सिर्जना खोजी रोजगार सृजना गर्ने र नगरलाई निर्यात गर्ने क्षमताको आशा र बिश्वासको जगमा उभिएर यो बजेट निर्माण गरिएकोछ ।

१०.संघीय सरकार र प्रदेश सरकारको नीति र बजेटसँग तादम्यता मिलाउँदै आयतलाई देखिने परिणाममा विस्थापित गरी परनिर्भतालाई घटाउँदै आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नेतर्फ बजेट र कार्यक्रम केन्द्रित गरिनेछ । कृषि, उद्योग, निर्माण र पर्यटन लगायतको क्षेत्रमा गाउँमा नै रोजगारी र स्वरोजगारीका अबसर जुटाईनेछ । कम्तिमा पनि दैनिक जीवनमा आबश्यक पर्ने आधारभभुत आबश्यकताका बस्तुहरु स्थानीयस्तरमा नै उत्पादन गर्ने, स्थानीय स्तरमा नै आधारभुत स्वास्थ्यसेवा सुलभ बनाउने, गुणस्तरीय शिक्षा, सरसफाई, खानेपानी र सिंचाई सुबिधामा बृद्धि गरी समाज र अर्थतन्त्रका टुटन लागेका कडिलाई जोडिनेछ ।

**अध्यक्ष महोदय ,**

अब म कोभिड १९ नियन्त्रणका लागि स्थानीय सरकाले हालसम्म गरेका प्रयासको बारेमा छोटो चर्चा  गर्न चाहान्छु ।

११.कोभिडको दोस्रो भेरियन्टसँगै फैलिएको माहामारी र सोबाट गम्भिर प्रभावित नागरिकको नेपालगञ्ज, कोहलपुरमा उपचार गर्न साधन र स्रोतको अभावका कारण पहुँच हुन नसकेकोले नगरमा नै स्वास्थ्यसेवा पुऱ्याउन निर्माण पुरा हुने चरणमा रहेको वडा नं. २ को नयाँ कार्यालय भवनमा अस्थायी कोभिड अस्पताल स्थापना गरी हाल सम्म ८६ जना विरामीको उपचार गरिएकाृ छ ।

१२.दोस्रो भेरियन्टको कोभिड १९ को उपचारका लागि अक्सिजन अनिवार्य जस्तै भएकोले विभिन्न निकाय, ब्यक्ति र संघ संस्था समेतको समन्वयबाट ४८ थान अक्सिजन सिलिण्डर ब्यवस्थापन र नियमित रुपमा भरि अक्सिजनको अभाव हुन नदिन हरतरह प्रयास भएको छ । ८ वटा अक्सिजन कन्सट्रेटर पनि जडान गरिएकोछ ।

१३.४ वेडको आई.सि.यु. वेड सहितको २७ वेडको उपचार कक्षहरु प्रयोग भई रहेकाछन । स्थानीय सिएसिको बैठक १२ पटक बसिएको छ । केन्द्रिय र जिल्ला सिएमसिबाट भएका निर्णयहरु कार्यान्वयन गरिएको छ ।

१४. हाल सम्म एन्टिजेनबाट १०५५ जनाको र पिसिआरबाट ६४९  जनाको परीक्षण गरिएकोमा ९५६       जना सक्रमित रहेको  देखिन्छ । घरमा रहनु भएका संक्रमितलाई घरदैलो भेटघाट गरिनुका साथै नियमित टेलिफोनबाट अबस्था जानकारी लिने प्रयास गरियो । हरेक संक्रमितलाई सरसफाई किड्स उपलब्ध गराईएको छ ।

१५.अस्पतालको उपचार सेवा, बिरामी र कुरुवाका लागि खाना, अक्सिजन सहित आबश्यक औषधी र एम्वुलेन्स सेवालाई निशुल्क बनाईएकोछ ।

**अध्यक्ष महोदय,**

अब म नगरको चालु आर्थिक बर्षको बजेट कार्यान्वयन र आर्थिक स्थितिका बारेमा संक्षिप्त जानकारी गराउन चाहान्छु ।

१६. नगरपालिकाको आबश्यक पर्ने कानुन, नीति, कार्यबिधिहरु तयार भई सकेको, संगठनात्मक तेरिज अनुसारको जनशक्तिको पदपुर्ति भईसकेको र योजनाबद्ध कार्यक्रम कार्यान्वयनको गर्ने परिपाटीको विकास भई सकेकोले पुर्ण क्षमताका साथ बजेट कार्यान्वयन गर्नसक्ने अबस्थामा आईपुगेका छौं ।

१७. दोस्रो चौमासिक सम्म ठेक्कापट्टाका काम समेतले गति लिई बर्षको लक्ष्य पुरा गर्ने गतिबाट नै कार्यक्रम कार्यान्वयन भई रहेकोमा बन्दाबन्दिले केहि प्रभावित भए पनि बर्षको अन्त्यसम्ममा बजेट खर्चका दृष्टिकोणबाट लक्ष्यको नजिक पुग्ने आधार बनेकोछ ।

१८. चालु आ.ब.का लागि रु ६२,०२,५२,९८८/बैसठ्ठि करोड दुई लाख लाख बाउन्न हजार नौ सय अठासी रुपैयाँ,चालु तर्फ रु ३९,१७,११,०००/उन्चालिस करोड सत्र लाख एघार हजार र पुँजीगत तर्फ रु २२,८५,४१,९८८/बाइस करोड पचासी लाख एकचालिस हजार नौ सय अठासी बिनियोजन भएकोमा बर्षको अन्त्यमा आइपुग्दा बजेटको आकार बढेर ७७,१६,९२,९९१/सतहत्तर करोड सोह्र लाख बयानब्बे हजार नौ सय एकानब्बे पुगेको छ । जुन प्रस्तावित बजेट भन्दा २४.१९ प्रतिशत बढी हो ।

१९. जेष्ठ मसान्त सम्ममा चालु तर्फको रु ४०,०८,१२,७८०/चालिस करोड आठ लाख बाऱ्ह हजार सात सय असि रहेकामा २८,५६,९९,३४९/अठ्ठाईस करोड छपन्न लाख उन्नानसय हजार तीन सय उन्चास रुपैयाँ खर्च भई ७१.२८ प्रतिशत र पँजीगत तर्फ रु ३७,०८,८०,२११/सैंतिस करोड आठ लाख असि हजार दुई सय एघार रहेकामा ११,८९,४१,२८३/एघार करोड उनानब्बे लाख एकचालिस हजार दुई सय त्रियासी खर्च भई ३२.०७ प्रतिशत प्रगति रहेकोछ । समग्रमा रु ४०,४६,४०,६३२/चालिस करोड छयालिस लाख चालिस हजार छ सय बत्तिस खर्च भई ५२.४३ प्रतिशत प्रगति रहेको छ ।

२०. ठूला ठेक्का आयोजनहरुको भुत्तानी दिन बाँकी रहेको र वडा गौरवका आयोजनाहरु वडा नं. ६ बाहेकको कार्यादेश समेत भई सकेको तर कार्य प्रगति नभएकोले करिव सबै आयोजनाहरुको गत आ.ब.को बिनियोजित बजेट सहित चालु आ.ब. को दायीत्व समेतबाट योजना सम्पन्न हुने देखिएको छ । वडा नं.६ को समेत ठेक्का भई सकेको छ ।

२१. आर्थिक बर्ष प्रारम्भको दोस्रो महिनामा मेडिकल अधिकृत, २ जना नर्स सहित ४ जना जनशक्ति रहेको कोभिड उपचारलाई लक्षित गरी आधारभुत अस्पताल स्थापनको लागि १० लाख बजेट सहितको प्रस्ताव स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त भएकोमा आश्विन महिनामा नै अस्पतालको उदघाटन सहितको जनशक्ति ब्यबस्थापन गरिएकोले सो कार्यका लागि थप रु ९ लाख प्राप्त भएकोछ । त्यसैको जगमा रानीपुरमा थप ४ जना जनशक्ति थप गरी अस्थायी ओभिड अस्पताल सञ्चालित रहेकोछ ।

२२. यस नगरपालिका स्थित वडा नं.३ मा निर्माण हुने गरी १५ सैयाको नगर आधारभुत अस्पताल निर्माणका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट रु १८ करोडको बजेट सुनिश्चितता सहित रु १ करोडको बजेट बिनियोजन भएकोमा भवन निर्माणको ठेक्का भई कार्यादेश भई निर्माण कार्य सुचारु हुने अबस्थामा रहेकोछ ।

२३. सास्कृति प्रर्यटन तथा नागरिक उड्डान मन्त्रालयबाट प्रस्तावना माग भए अनुरुप यस नगरपालिका वडा नं.२ को वलातिमा सहिद तथा जैविक पार्क निर्माणका लागि रु ७ करोडको परियोजना लागत सहभागितामा सञ्चालन गर्ने गरी स्वीकृत भएको छ । अषाढ १५ गते भित्र ठेक्का भई परियोजना सञ्चालन हुनेछ ।

२४.प्रदेश सरकारको समन्वयमा वडा नं .६ मा ३५ लाखको लागतमा हात्ति छेकवार पक्किवाल निर्माण सम्पन्न भएको छ ।

२५.राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ५ वटा बिद्यालयको बिद्यालय भवन निर्माण र २ वटा बिद्यालयको शैक्षिक सुधार कार्यक्रम तथा शिक्षण विधिमा प्रविधिको विकासका लागि सवै सामुदायीक बिद्यालयमा ईन्टरनेट जडान सहित ११ वटा बिद्यालयमा स्मार्ट वोर्ड र १९ वटा बिद्यालयमा प्रोजेक्टर उपलब्ध गराउन शिक्षा तथा खेलकुद मन्त्रालय मार्फत रु १ करोड ४२ लाख वजेट प्राप्त गरी योजनाहरु कार्यान्वयन भईरहेका छन ।

२६.युवा तथा खेलकुद मन्त्रालय र प्रदेश सामाजिक विकास मन्त्रालयवाट क्रमश: ३० लाख र १० लाख सहित रु ४० लाखको प्रस्तावना स्वीकृत भई रानीपुरमा रहेको खो खो हललाई कवर्ड गर्ने कार्य भईरहेको छ ।

२७. आर्थिक बर्ष २०७६/२०७७ मा प्रस्तावित आय रु ७६,३४,७५,५३६/छयहत्तर करोड चौतिश लाख पचहत्तर हजार पाँच सय छत्तिस अनुमान गरिएकोमा रु ६५,९५,०५,७९४/पैसठ्ठि करोड पन्चानब्बे लाख पाँच हजार सात सय चौरानब्बे वास्तविक आय भई रु ५१,७६,१९,३०८/एकाउन्न करोड छैहत्तर लाख उन्नाईस हजार तीन सय आठ ब्यय भएकोले सो को अनुमोदनका लागि पेश गरेको छु ।

**अध्यक्ष महोदय,**

अब म गरिमामय सभा समक्ष आ.ब.२०७८/२०७९ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहान्छु

२८.स्वास्थ्य क्षेत्रका पुर्वाधार, स्वास्थ्य उपकरण, जनशक्ति र क्षमता बिकास गरी स्वास्थ्य सेवामा आम जनताको पहुँच बढाउने ।

२९.कोभिड १९ बाट सिर्जित अर्थिक मन्दिबाट सिथिल अर्थतन्त्रलाई चलायमान र गतिशिल बनाई उच्च आर्थिक दर हासिल गर्ने ।

३०.उत्पादन र रोजगारीको अबसर सिर्जना गरी नगरलाई आधारभुत कुरामा आत्म निर्भर बनाई निर्यात तर्फ उन्मुख बनाउने ।

३१.वडा र नगर स्तरीय गौरवका आयोजनालाई चालु आ.ब.भित्र नै सम्पन्न गर्ने गरी कार्यान्वयन गर्ने ।

३२.नगरको गौरवको योजना नगर अस्पताल र सहिद स्मृति जेविक पार्कलाई २ बर्ष भित्र सम्पन्न गर्ने ।

३३.बजेट कार्यान्वयनमा सुधार र सुशासन प्रत्याभुत गर्ने ।

यस बजेटका प्राथमिकताहरु देहाय बमोजिम रहेका छन

क) स्वास्थ क्षेत्रको स्तरोन्नति र बिस्तार गरी स्वास्थ्य सेवामा आम नागरिकको पहुँच बृद्धि गर्ने । शिक्षा लगायत सामाजिक क्षेत्रको बिस्तार र बिकास गर्ने ।

ख) कृषि क्षेत्रमा उत्पादनका साधनमा सरल पहुँच र नबिनतम प्रबिधिको उपयोग बढाउँदै युवा पुस्तालाई आकर्षित गर्ने र कृषिलाई रोजगार, स्वरोजगार बनाई आत्मनिर्भरता र निर्यात गर्ने आधारशिलाको रुपमा बिकास गर्ने ।

ग) आर्थिक सामाजिक क्षेत्रको समग्र बिकासमा टेवा पुग्ने गरी दीगो पूर्बाधार बिकासमा जोड दिने ।

घ) कृषि, उद्योग, पर्यटन, सार्वजनिक निर्माण प्रबर्धन गर्दै रोजगारी एवं स्वरोजगारीको थप अबसर सिर्जना गरी आयत प्रतिस्थापन र निर्यात प्रवर्धन गर्ने ।

ङ) सार्वजनीक खर्चलाई मितब्ययी तथा नतिजामुखि बनाउने र अनुत्पादक क्षेत्रको खर्च कटौति गर्ने ।

**अध्यक्ष महोदय**

अब म आ.ब.२०७८/२०७९ को प्रस्तावित बजेट सहित क्षेत्रगत कार्यक्रम तथा बजेट प्रस्तुत गर्न गईरहेकोछु ।

३४.आ.ब.२०७८/२०७९ को लागि रु ६६,१०,४८,९५१/ छैसठ्ठि करोड दश लाख अठचालिस हजार नौ सय एकाउन्न हुन पुगेको छ।

जुन गत आ.ब.को कुल बजेटको ६.४५ प्रतिशतले बढि हो।

यस मध्ये चालु बजेट रु ३८,७५,७३,०००/अढतिस करोड पचहतर लाख तिरहतर हजार र पुँजिगत रु २७,३४,७५,९५१/सताइस करोड चौतिस लाख पचहतर हजार नौं सय एकाउन्न रहेको छ। जुन क्रमशः ५८.६३ र ४१.३७ प्रतिशत हो।

३५.आगामी आर्थिक बर्षमा

| | |
|---|---|
| संघीय ससर्त | रु २४,५२,००,०००/चौविस करोड बाउन्न लाख, |
| सघीय समानीकरण | रु १४,५६,००,०००/चौध करोड छपन्न लाख, |
| संघीय राजश्व बाँडफाँड | रु ९,२७,६७,०००/ नौ करोड सत्ताईस लाख सतसठ्ठि हजार |
| प्रदेश ससर्त | रु १,१५,४४,०००/ एक करोड पन्ध्र लाख चवालिस हजार |
| प्रदेश समानीकरण | रु ६९,०३,०००/ उन्सत्तरी लाख तीन हजार, |
| प्रदेश राजश्व बाँडफाँड | रु १,४०,७४,३५५/२८ एक करोड चालीस चौहत्तर हजार तीनसय पचपन्न |
| प्रदेश समपुरक | रु २,००,००,०००/दुई करोड |
| आन्तरिक राजश्व | रु ५,४४,६०,०००/पाँच करोड चवालीस लाख साठी हजार |
| अल्या | रु ४,११,१७,६२७/ चार करोड एघार लाख सत्र हजार छ सय सत्ताईस, |
| प्रधानमन्त्रि रोजगार | रु १,५१,००,०००/ एक करोड एकाउन्न लाख |
| बहुक्षेत्रीय पोषण कार्यक्रम | रु ३४,९५,०००/ चौतिस लाख पन्चानब्बे हजार |
| प्राकृतिक स्रोतका् रोयल्टी (रा.ब.) | रु १,२७,६२४/एक लाख सत्ताइस हजार छ सय चौविस |
| प्राकृतिक स्रोतका् रोयल्टी (सं.क्षे.) | रु ४,६०,३४५/चार लाख साठी हजार तीन सय पैतालिस |
| सडक बोर्ड | रु ३२,००,०००/ बत्तिस लाख |
| मुख्यमन्त्रि ग्रामिण विकास तथा रोजगार कार्यक्रम | रु ७०,००,०००/ सत्तरी लाख |
| कुल | रु ६६,१०,४८,९५१/ छैसठ्ठि करोड दश लाख अठचालिस हजार नौ सय एकाउन्न रुपैयाँको बजेट प्रस्ताव गरिएकोछ। |

३६.उल्लेखित प्रस्तावित वजेट गत आ.व.मा प्रस्तावित वजेट भन्दा ६.४५ प्रतिशत वढी र बास्तविक वजेटभन्दा १६.६६ प्रतिशत कम रहेको छ।

**अध्यक्ष महोदय**

. अव म क्षेत्र गत विनियोजन प्रस्तुत गर्न चाहान्छु।

| | |
|---|---|
| प्रशासनीक क्षेत्र | रु ९,१३,५९,८३०/नौ करोड तेन्ह लाख उन्चास हजार आठ सय तिस |
| सामाजिक क्षेत्र | रु ४,७४,२१,७९७/ चार करोड चौहत्तर लाख एक्काई हजार सात सय सन्तानब्बे |

आर्थिक क्षेत्र रु २,१३,९१,०००/ दुई करोड तेन्ह लाख एकानब्बे हजार

पूर्वाधार विकास रु १४,१८,९२,३२४/चौध करोड अठार लाख बयानब्बे हजार तीनसय चौविस

वातावरण तथा विपत व्यवस्थापन रु २,१०,७५,०००/दुई करोड दश लाख पचहत्तर हजार

३६.हालको बिषम अबस्थामा नागरिको जीवन रक्षा गर्नु नजिकको सरकारको हैसियतले प्रमुख दायित्व महसुश गरी स्वास्थ्य सेवाका लागि रु ३,५२,३८,२७०/तीन करोड बाउन्न लाख अठतिस हजार दुई सय सत्तरी बिनियोजन गरिएको छ ।

३७.निशुल्क बितरण हुने औषधीको सहज उपलब्धता हुने गरी रु २३,००,०००/ तेईस लाख बिनियोजन गरेकोछु । सय बाट नेपाल सरकारले निशुल्क घोषणा गरेका औषधीको आम नागरिकका लागि सहज पहुँच भई सर्पदंश केन्द्रमा अत्याबश्यक औषधिको समेत आपुर्ति हुनेछ ।

३८.नागरिकलाई स्वास्थ्य सेवा अब घरआँगनमा नै भन्ने नारालाई कार्यान्वयन गर्न नेउलापुरमा रहेको सार्वजनिक जग्गामा आधारभुत नगर अस्पतालका टेन्डर भई कार्यदेश समेत भई सकेको सन्दर्भमा २ वर्ष भित्र निर्माण कार्य पुरा गर्ने गरी आबश्यक कार्य अगाडी बढाईनेछ ।

३९.८० बर्ष भन्दा बढी उमेरका जेष्ठ नागरिकका लागि घरदैलोमा नै स्वास्थ्य सेवा उपलब्ध गराउन आबश्यक बजेटको व्यवस्था गरेको छु ।

४०.गत आ.ब. देखि नै नेउलापुर स्वस्थ्य केन्द्रमा एम.बि.बि.एस.डक्टरको सेवा उपलब्ध हुँदै आएकोमा आधारभुत नगर अस्पताल स्थापना पश्चात अस्पतालमा सेवा दिने गरी र हाल कोभिड अस्थायी अस्पताल रानीपुमा चौविसै घण्टा अस्पताल सेवा सञ्चालन गर्ने गरी बजेट प्रस्ताब गरेको छु ।

४१.यस नगरपालिका हात्तिपाईले र टि.बि.को उच्च जोखिममा रहेको देखिएकोले टि.बि.जाँचपडतालका लागि नेउलापुर स्वास्थ्य केन्द्रमा अत्याधुनिक ल्यावको स्थापनाका साथै हात्तिपाईले निवारण गर्न आबश्यक बजेट प्रस्ताव गरेको छु ।

४२.नेउलापुर स्वास्थ्य चौकीमा स्थापना भएको एनिमिया सिकलसेल ल्याव सञ्चालनमा ल्याउन आबश्यक बजेट बिनियोजन गरेको छु ।

४३.कोभिड १९ को रोगथाम तथा नियन्त्रणका लागि आबश्यक अस्पताल सञ्चालन, सो को जनशक्ति ब्यबस्थापन आबश्यक स्वस्थ्य सामग्रीको ब्यबस्था सहित बिपतबाट आम नगरिकको सुरक्षा एवं राहत समेतका लागि बिपत ब्यबस्थापन कोषमा रु १,५०,००,०००/एक करोड पचासलाख बिनियोजन गरेकोछु । समयानुकुल हाल उपलब्ध हुँदै आएको राहमा कार्यविधि संशोधन सहित परिमार्जन गर्न प्रस्ताव गरेको छु ।

४४.लामो समयको प्रतिक्षा पछि आधारभुत नगर अस्पतालको निर्माण प्रक्रिया अगाडी बढी सकेकोले २ वर्ष भित्र कार्य सम्पन्न गर्ने गरि बजेट सहितको प्रवन्ध मिलाईएको छ ।

४५.शिक्षा क्षेत्रको लागि कुल रु १९,२८,३२,७२७/उन्नाईस करोड अठ्ठाइस लाख वत्तिस हजार सात सय सत्ताईसबजेट बिनियोजन गरेकोछु । बिद्यालय शिक्षा तथा क्याम्पसहरुको शिक्षाको समग्र विकासका लागि शैक्षिक विकास कार्यक्रम संचालन गर्न र क्याम्पसमा अध्यायनरत छात्राहरुको लागि निशुल्क सेनेटरी प्याड बितरणका लागि थप बजेटको व्यवस्था गरेको छु ।

४६.सेफ स्कुल परियोजनाको साझेदारीमा नगरभरिका बिद्यालयहरुका पुराना भवनको पुनस्थापना वा पुननिर्माण गर्ने गरी कार्यक्रम अगाडी बढाईनेछ । बिद्यालयहरु भैतिक सुविधा विस्तार गरी ३ वर्ष भित्र सबै सामुदायीक बिद्यालयमा न्युनतम भौतिक पुर्वाधार तयार गर्न आबश्यक समन्वय र सहकार्य गरिनेछ ।

४७.शिक्षा र स्वास्थ्य क्षेत्र आम नगरवासीको संबैधानिक मौलिक हक समेत रहेकोले यस क्षेत्रलाई उच्च प्राथमिकतामा राखि कुल बजेटको ३६.७६ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

४८.समग्र खेलकुद बिकासका लागि रु २१,३०,०००/एक्काईस लाख तीस हजार रुपैयाँ बिनियोजन गरेको छु। ठाकुरबाबा नगर पालिकाको पहिचान खो खो खेलकुद सञ्चालन, चौथो नगर स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता प्रा.बि. तहलाई समेत समाबेश गर्ने गरी तथा नगर र वडा स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने गरी बजेट बिनियोजन गरेकोछु।

४९ सीपमा पैसा छ सीप भएको ब्यक्ति भोकले मर्दैन भन्ने कुरा युवापंक्तिलाई महसुश गर्ने बातावरण सिर्जना गरी सीप तर्फ आकर्षित गर्न र भएका सीपमा निखारपन ल्याई दक्षता अभिवृद्धि गर्न सिकर्मि,डकर्मि, इलेक्ट्रोनिक र प्लम्वरिङ्ग क्षेत्रमा तालिम प्रदान गर्न आबश्यक प्रवन्ध गरेको छु।

५०.कामका लागि पारिश्रमिकमा युवारुप समेत थप गरी कम्तिमा २६२ जनालाई रोजगारी र युवालाई सिप बिकास तालीम समेत सञ्चालन गर्न १ करोड ५१ लख विनियोजन गरेको छु।

५१.भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लामो समय देखि रहेको बसोवास ब्यवस्थापनको समस्या यसै आ.व.मा सम्पन्न गर्ने गरि आबश्यक वजेट ब्यबस्था गरेको छु।

५२. नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसारबाट प्रत्यक्ष प्रभावित बस्तिहरुमा पुर्वाधर बिकास तथा सामाजिक बिकासका कार्यक्रमहरु सञ्चालन गर्न आबश्यक बजेट बिनियोजन गरेको छु।

५३.फोहरलाई बर्गिकरण समेत गर्ने गरी सरसफाई तथा डम्पिङ्ग साईड ब्यबस्थापनका लागि रु ३०,७५,०००/तिस लाख पचहत्तर हजार बजेट बिनियोजन गरिएकोछ।

५४.एक घर एक धारा अभियानलाई वास योजना सहित कार्यान्यन गरी स्वच्छ पानी पिउन पाउने नगरवासीको अधिकारलाई सुनिश्चित गर्न निर्माणधिन खानेपानी आयोजनाहरुको निरन्तरता सहित खानेपानीको पाईप लाईन बिस्तार गर्न तथा पुराना आयोजनाहरुको क्षमता र स्तर बृद्धि गर्न समन्वय र सहकार्य सहित आवश्यक बजेटको ब्यबस्थापन गरेको छु।

५५.उज्यालो नगर अभियान अन्तर्गत सौर्य सडक बत्ति जडानका लागि रु ३०,००,०००/ तीस लाख बजेट प्रस्ताव गरिएको छ।

५६.बिउ धान उत्पादन गरी नगरपालिकालाई बिउ धानमा आत्मनिर्भर बनाउने कार्यक्रमको सफलतालाई कायम गर्दै निर्यात गर्ने गरी हाबश्यक बजेट विनियोजन गरेको छु।

५७.कृषिमा आधुनिक औजारको प्रयोग, सुख्खाग्रस्त क्षेत्रमा साना सिंचाई आयोजना, कृषि बिमा, कृषि उत्पादन र बजारिकरण तथा सुनिश्चित प्रतिफल सहितको आंकलन गरी बजेट बिनियोजन गरिएकोछ।४७.प्रधानमन्त्रि

५८.तरकारी संकलन केन्द्र थप ब्यबस्थित गर्न हाल निर्माण भएका संकलन केन्द्रलाई संञ्चालन गर्न र खरिदका वारी करणलाई थप सहज बनाउन नगरपालिकाबाट खरिद गरी हस्तान्तरित ढुवानी गाडीलाई कृषकको हित हुने गरी सञ्चालन गरिने छ।

५९.प्रदेश सरकारको नीति अनुसार बर्दिया जिल्लालाई बंगुर पकेट क्षेत्रको रुपमा बिकास गर्ने कार्यक्रम रहेको र सो का लागि यस नगरपालिकामा समेत बंगुरको सम्भाव्यता समेत उच्च रहेको देखिएकोले बंगुर प्रबर्धन कार्यक्रमलाई निरन्तरता दिने गरी बजेट विनियोजन गरिएको छ।

६०.यस नगरपालिकाबाट उल्लेख्य संख्यामा खसिबोका निर्यात भई रहेको सन्दर्भमा बाख्रा स्मार्ट कार्यक्रमलाई थप बिस्तार र बिकास गर्न विभिन्न निकायसँग समन्वय र सहकार्य गरी ठाकुरबाबा नगरपालिकालाई बाख्रा उत्पादन क्षेत्रको रुपमा पहिचान हुने गरी समन्वय र सहकार्य गरिनुको साथै आबश्यक बजेट विनियोजन गरिएको छ।

६१.पशुधनको नोक्सानिबाट कृषकले ब्यहोर्न पर्ने आर्थिक क्षतिलाई रोक्न पशुबिमाका लागि आबश्यक बजेट बिनियोजन गरिनुका साथै एक वडा एक कृषि तथा पशु सेवा प्राबिधिकलाई **घर दैलोमा नै प्राविधिकको सेवा, कृषि उत्पादनमा टेवा** भन्ने नारा सहित औषधोपचार सेवा दिने गरी बजेट बिनियोजन गरिएको छ ।

६२.लघु उद्यम बिकास र महिलामा नयाँ लघु उद्यम सिर्जना गर्न २९,००,०००/ उन्तिस लाख बजेट ब्यबस्था गरेकोछु ।

६३.सामाजिक सुरक्षा कार्यक्रमका लाभग्राही तथा पञ्जीकरणको अभिलेख प्रविधिमैत्री बनाई सेवा प्रवाहमा पारदर्शिता र चुस्तता कायम गर्न र सो कार्यक्रमलाइ निरन्तरता राष्ट्रिय परिचय पत्र ब्यबस्थापनका लागि रु ४०,००,०००/चालिस लाख बजेट बिनियोजन गरेकोछु ।

६४.तराई मधेश सम्बृद्धि कार्यक्रमका लागि रु ७७,००,०००/ सतहत्तर लाख बजेट बिनियोजन गरिएको छ ।

६५.वडाहरुलाई कार्यक्रम छनौट गरी कार्यान्वयन गर्न ५,२५,००,०००/ पाँच करोड लाख बजेट बिनियोजन गरेको छु ।

६६.नगर भवन निर्माण तथा संघीय र प्रदेश सरकारबाट म्याचिङ्ग गरी सञ्चालन गर्नु पर्ने आयोजनहरु सञ्चालन सहित वडा गौरवको रुपमा अघिल्लो बर्षवाटै शुरु गरिएका बहुबर्षे योजना यस जन निर्वाचित पदाधिकारीहरु कै कार्यकालमा सम्पन्न गर्ने गरी समग्र पुर्वाधार विकासमारु १४,१८,९२,३२४/चौध करोड अठार लाख बयान्बे हजार तिन सय चौबिस रुपैयाँ बजेट बिनियोजन गरेकोछु ।

| | |
|---|---|
| क) भुरिगाउँ बजार सडक निर्माण | रु ८३,९७,७२२/ त्रियासी लाख सन्तानब्बे हजार सात सय वाईस |
| ख) बदबुरुवा खोलामा (सतघरुवा–रानीपुर) पक्किपुल निर्माण | रु ४६,२३,२७५/छयालिस लाख तेईस हजार दुई सय पचहत्तर |
| ग) गिदरपुर–मिर्चैया–नेउलापुर–मानपुर सडक निर्माण | रु १,४८,८३,७०१/एक करोड अठचालिस लाख त्रियासी हजार सात सय एक |
| घ) वडा नं.४ खेलार सडक | रु ५०,००,०००/ पचास लाख |
| ङ) बनकटि्ट–तकिया सडक निर्माण | रु ७०,७४,६४५/ सत्तरी लाख चौहत्तर हजार छ सय पैंतालिस |
| च) मोतिपुर–बकुवा सडक निर्माण | रु १,००,००,०००/ एक करोड |
| छ) मोहनपुर–सुन्दरपुर–कालिगौडी सडक निर्माण | रु ७४,२७,४१७/ चौहत्तर लाख सत्ताईस हजार चार सय सत्र |
| ज) सुतैयामा बक्स कल्भर्ट २ वटा | रु ३८,२३,७२२/ अठतिस लाख तेईस हजार सात सय वाईस |
| झ) ठाकुरद्धारा–हात्तिसार सडक निर्माण | रु १,१६,१०,४३९/ एक करोड सोह्र लाख दश हजार चार सय उन्चालिस |
| ञ) जोड कोष | रु २,१६,४६,३४४/ दुई करोड सोह्र लाख छयालिस तीन सय चवालिस |
| ट) नगरपालिका भवन निर्माण | रु ९१,९३,१४९/ एकानब्बे लाख त्रियानब्बे हजार एक सय उन्चास |
| ठ) नगर पालिका वाह्य कार्य | रु ६०,००,०००/ साठी लाख |
| ड)वडा कार्यालय निर्माण वडा नं.३ | रु ६०,००,०००/साठी लाख |

ढ)नदी जन्य जोखिम विकास कार्य वडा नं.५ र ४ मा क्रमश १० लाख र ८ लाख रु १८,००,०००/अठार लाख

ण) रानीपुर कालिगौडी पिच रु २,४४,११,६१०/दुई करोड चवालिस लाख एघार हजार छ सय दश

६७.उल्लेखित रकम मध्ये वडा नं.६ र ४ को कुल ठेक्का रकममा ४० प्रतिशत सम्म कम बोलकवोल हुने अनुमान गरी बजेट प्रस्ताव गरिएको छ ।

६८.यस नगरपालिकाको मुख्य संम्भाव्य क्षेत्रको रुपमा रहेको पर्यटन प्रबर्धन कार्यक्रमका लागि रु २६,५०,०००/ छब्बिस लाख पचास हजार लाख बजेट प्रस्ताव गरिएको छ । नेपाली किनौं नेपाल बनाऔं अभियान अन्तर्गत चालु कोष मार्फत मुख्य प्रर्यटकिय क्षेत्रमा कोसेलीघर सञ्चालन गर्न प्रोत्साहित गर्ने आबश्यक सयन्त्र तयार गरिएको छ ।

६९.वलाती शहित स्मृति जैविक पार्कको ठेक्का हुने चरणमा रहेकोले संघीय सरकारको साझेदारीमा २ वर्ष भित्र पुरा गर्ने गरी आबश्यक बजेट प्रस्ताव गरेको छु ।

७०.सुरक्षित विपन्न आबास कार्यक्रमलाई निरन्तरता दिदैं रु ५०,००,०००/चालिस लाख बजेट प्रस्ताव गरेकोछु । बढदो महंगीका कारण हाल उपलब्ध गराईएको अनुदानमा पुनमुल्यांकन गरिनेछ ।

७१.थप दुई स्थानमा शवदाह गृह निर्माण गर्न रु २०,००,०००/ वीस लाख बजेट बिनियोजन गरेकोछु ।

७२.लक्षित बर्ग उथ्थान कार्यक्रम अन्तर्गत वडाबाट गर्ने गरी बजेट प्रस्ताव गरेको छु ।

७३.प्रशासनिक तर्फ ९,१३,५९,८३०/ नौ करोड तेऱ्ह लाखउन्साठ्ठी हजार हजार आठ सय तीस रुपैयाँ प्रस्ताव गरिएको छ । न्यायीक समितिका लागि रु ३३,१९,६००/ तेत्तिस लाख उन्नाईस हजार छ सय प्रस्ताव गरिएको छ ।

७४. कार्यालयका बिद्यमान हेभि ईक्युपमेन्ट सञ्चालन तथा प्रहरि साझेदारी कार्यक्रम सञ्चालन गर्न छुट्टै कोषको ब्यबस्थापन गरि आबश्यक बजेटको ब्यबस्था गरेको छु ।

७५.नगरको मुख्य आयोजना र सम्भाब्य क्षेत्रहरुको डिपिआर, तयार पारी भौतिक निर्माणको कार्य अगाडी बढाउनु पर्ने आबश्यकता महशुस गरी सो का लागी आबश्यक बजेट बिनियोजन गरेकोछु ।

७६.राजश्वका प्रस्तावित दरहरु, क्षेत्रगत बजेट बिनियोजनको बिस्तृत बिबरण र बजेट बाँडफाँड अनुसुचिमा समाबसेश गरेकोछु ।

७७.उच्च मनोवल, स्वतस्फुर्त कार्यव्यबहार र सकरात्मक धारणा सहितको मानवपुँजी उत्पादन र उत्पादकत्व वृद्धिका आबश्यक श्रोत हुन । सम्वृद्ध ठाकुरबाबा, खुसी नगरबासीको लक्ष्य हासिल गर्न राष्ट्र सेवकहरुलाई काम प्रति तत्पर र सेवाभाव सहित समयमा नै कार्य सम्पादन गर्न उत्प्रेरित र प्रोत्साहन गर्न उत्प्रेरणामुलक कार्यक्रमहरु सञ्चालन गर्ने ब्यवस्था मिलाएको छु ।

७८.राष्ट्रसेवकहरुको मनोवल बढाई सार्वजनिक सेवालाई प्रभावकारी वनाईनेछ । नगरपालिकामा कार्यरत निजामति कर्मचारीहरुको रु १० लाखको सामुहिक दुर्घटना विमा रु १ लाखको स्वास्थ्य बिमाका लागि प्रिमियम बापतको रकम नगर सरकारले ब्यहोर्ने ब्यवस्था मिलाएको छु ।

७९.नेपाल सरकारबाट निर्धारण भएको २०७८ साउन १ गते देखि लागु हुने गरी निजामति सेवाका कर्मचारीहरुको तलवमानमा रु २ हजार वृद्धि गरेको छु । हाल प्रदान गरिएको महंगी भत्तालाई निरन्तरता दिएको छु । नगर पालिकाको स्रोतबाट तलव खाने शिक्षक अनुदान कोटाका शिक्षकहरुका लागि समेत यो बृद्धि लागु हुनेछ ।

८०.लामो समय देखि न्युन तलव सुबिधामा काम गर्ने बाल बिकास केन्द्र र बिद्यालय कर्मचारीहरुको तलवमानमा संधीय सरकारबाट बिनियोजित रु ८ हजारमा नगरपालिकाको तर्फबाट रु ७ हजारका दरले थप गरी न्युनतम तलव रु १५ हजार पुऱ्याएको छु ।

**अध्यक्ष महोदय ,**

प्रस्तुत बजेट तथा कार्यक्रम तयारि प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष्य रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्णनगरवासी, नगरप्रमुख ज्यू, वडाअध्यक्षज्यूहरु, नगरसभाका सदस्यज्युहरु, नगर कार्यपालिकाका सदस्यज्युहरु तथा उपस्थित कर्मचारिहरुमा धन्यवाद दिन चाहन्छु । बजेट नीति, तथा कार्यक्रम तर्जुका सिलसिलामा नगर स्तरीय राजनैतिक पार्टीका प्रतिनिधिज्यूहरु, पदाधिकारीज्यूहरुको विकास प्रतिको एकता, सम्वेदनशिलता तथा क्षेत्रगत सुचनाको जानकारि एवं सहभागीता एवं पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वर्पण रह्यो । बजेट नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष सघाउ पुऱ्याउनु हने सरकारी कार्यालय, गैर सरकारी संघसंस्था, नागरिक समाज, उद्योगी व्यवसायी, पर्यटन व्यवसायी , बुद्धिजीवि, संचारकर्मी, कर्मचारि साथीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। कुनै पनि योजनाको सफलता, सोको सफल कार्यान्वयनमा भर पर्ने भएकाले यसका लागि सबै राजनैतिक दल, नगर कार्यपालिका पदाधिकारी, नगरसभाका सदस्य, नागरिक समाज, सरकारि एवं गैर सरकारि संस्थाहरु, कर्मचारिवर्ग एवं आम नगरवासीको संयूक्त प्रयास आवश्यक छ । सदा झै नगरवासी र सबै सरोकारवालाबाट सहयोग प्राप्त भई रहने आशा एवं विश्वास लिएकी छु ।

**कृष्णा कुश्मा थारु**

**उपाध्यक्ष**

**नवौं नगरसभा,ठाकुरबाबा नगरपालिका**

**२०७८ आषाढ १०**